# अनुसन्धान व्यवस्थापन कार्यविधि–२०७६ (शंसोधित २०७८)

## प्रस्तावना

यो प्रस्तावना मर्स्याङ्दी बहुमुखी क्याम्पस, वेसीशहर लमजुङको अनुसन्धान सम्बन्धी प्रस्ताव, नीति, नियम तथा सञ्चालन कार्यविधिसँग सम्बन्धित छ । यो कार्यविधि क्याम्पसको विकेन्द्रीकरण नीतिअनुरूप तयार पारिएको हो । यसले क्याम्पसमा अनुसन्धानमुलक कार्यका लागि प्राध्यापक तथा विद्यार्थीहरुलाई उत्प्रेरित गर्ने, अनुसन्धान कार्यलाई आवश्यक सहजीकरण गर्ने तथा सञ्चालित अनुसन्धान कार्यलाई व्यवस्थापन गर्ने उद्देश्य राखेको छ । यसले अनुसन्धानको व्यक्तिगत तथा संस्थागत सहभागिताका लागि नीति निर्माणमा सहयोग पुऱ्याउने अपेक्षा राखेको छ साथै अनुसन्धान कार्यविधि तथा उपयुक्त नीति, नियम र कार्यपरिधिको विस्तृत विवरण प्रस्तुत गरेको छ । यस अनुसन्धान व्यवस्थापन कार्यविधिले अनुसन्धानका सम्पूर्ण व्यवस्थापनका लागि अनुसन्धान व्यवस्थापन एकाइ (Research Management Cell) गठन गरिएको छ । यसले विद्यार्थी तथा सङ्कायगत अनुसन्धानका लागि जोड दिइएको छ जसमा नयाँनयाँ अनुसन्धान विधि र ज्ञानलाई सहजीकरण गर्ने अपेक्षा राखिएको छ । प्रस्तुत कार्यविधि क्याम्पस सञ्चालन हुने विभिन्न अनुसन्धानमूलक कार्यहरु, प्राध्यापक, कर्मचारीहरुको विद्वत्वृत्ति आदिलाई व्यवस्थित रुपमा सञ्चालन गर्न क्याम्पस सञ्चालन नियमावलीको अधीनमा रहने गरी तयार गरिएको छ ।

# परिच्छेद-एक

## नाम तथा प्रारम्भ

### १.१ सङ्क्षिप्त नाम तथा प्रारम्भ

क) यस कार्यविधिको नाम **अनुसन्धान व्यवस्थापन कार्यविधि** र अङ्ग्रेजीमा **Research Management Procedure** रहनेछ ।

ख) यो कार्यविधि क्याम्पस सञ्चालक समितिको बैठकले पारित गरेको मितिदेखि लागू हुनेछ ।

ग) अनुसन्धान व्यवस्थापन कार्यविधि (२०७६) अनुसार गठित अनुसन्धान व्यवस्थापन एकाइलाई अङ्ग्रेजीमा Research Management Cell र यसलाई छोटकरीमा RMC पनि भनिनेछ ।

### १.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **अनुसन्धान** भन्नाले 'मर्स्याङ्दी बहुमुखी क्याम्पस वेसीशहर, लमजुङमा गठित अनुसन्धान व्यवस्थापन एकाइद्वारा सम्पादन गरिने अनुसन्धानसँग जोडिएका तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानात्मक खोज र त्यसको प्रकाशन समेतलाई सम्झनुपर्दछ ।

ख) **कार्यविधि** भन्नाले 'अनुसन्धान कार्यलाई व्यवस्थित गर्न तयार पारी लागू गरिएको अनुसन्धान व्यवस्थापन सञ्चालन कार्यविधि–२०७६ लाई सम्झनुपर्दछ ।

ग) **अनुसन्धान व्यवस्थापन एकाइ** भन्नाले अनुसन्धान व्यवस्थापन कार्यविधि (२०७६) अनुसार अनुसन्धानात्मक कार्य गर्ने गराउने प्रयोजनका निम्ति गठित विभाग बुझ्नुपर्नेछ ।

घ) **व्यवस्थापन** (Management) भन्नाले समुचित कार्य सम्पादन गर्ने भन्ने बुझ्नुपर्नेछ ।

ङ) **एकाइ** (Cell) भन्नाले क्याम्पसमा गठित विभाग भन्ने बुझ्नुपर्छ ।

च) **कार्यसमिति** भन्नाले अनुसन्धान व्यवस्थापन कार्यविधि २०७६ अनुसार गठित एकाइका अध्यक्ष, सचिव लगायतका सम्पूर्ण सदस्यहरुलाई सम्झनुपर्नेछ ।

छ) **संयोजक** भन्नाले क्याम्पसको अनुसन्धानात्मक कार्यको नेतृत्व लिने प्रमुखलाई सम्झनुपर्नेछ ।

ज) **सचिव** भन्नाले अनुसन्धान व्यवस्थापन एकाइको सदस्यलाई सम्झनुपर्दछ ।

झ) **सदस्य** भन्नाले क्याम्पसमा सञ्चालित अनुसन्धान कार्यमा विभागाध्यक्ष/प्रमुखलाई सहयोग पुऱ्याउने प्राध्यापकहरुलाई सम्झनुपर्दछ ।

ञ) **क्याम्पस** भन्नाले मर्स्याङ्दी बहुमुखी क्याम्पसलाई बुझ्नुपर्नेछ ।

ट) **प्राध्यापक** भन्नाले मर्स्याङ्दी बहुमुखी क्याम्पसमा अध्यापन गर्नुहुने शिक्षकलाई बुझ्नुपर्नेछ ।

ठ) **कर्मचारी** भन्नाले मर्स्याङ्दी बहुमुखी क्याम्पसमा कार्यरत कर्मचारीलाई बुझ्नुपर्नेछ ।

ड) **विद्यार्थी** भन्नाले मर्स्याङ्दी बहुमुखी क्याम्पसमा अध्ययन गर्ने छात्रछात्रालाई बुझ्नुपर्नेछ ।

**१.३ उद्देश्य**

क) शोध तथा अनुसन्धानसँग सम्बन्धित बहुआयामिक अनुसन्धान नीतिअन्तर्गत विभिन्न नीति निर्माण गरी संस्थाका अनुसन्धान र संस्कारलाई व्यक्तिगत तथा सामूहिक कार्य पद्धतिमा विकास गर्नु,

ख) क्याम्पसमा कार्यरत प्राध्यापक, कर्मचारी र अध्ययनरत विद्यार्थीहरूलाई शोधकार्यमा उत्प्रेरित गर्नु,

ग) अनुसन्धानका माध्यमबाट शैक्षिक उन्नयन गर्नु तथा यसलाई वृत्तिविकासमा उपयोग गर्नु,

घ) क्याम्पसले शोधकार्यलाई व्यक्तित्व विकास, ज्ञानको उत्पादन, प्रयोग, प्रदर्शन र ज्ञान शिक्षणको सम्मिश्रणको रूपमा लिनु

ङ) क्याम्पसका प्राध्यापक, कर्मचारी तथा विद्यार्थीबाट गरिएका अनुसन्धानमूलक लेख तथा लघु अनुसन्धानात्मक कृतिलाई प्रकाशनार्थ प्रस्तुत गर्नु,

च) वैज्ञानिक सिद्धान्त र नीति नियम, सामाजिक मूल्य मान्यता, पाठ्यक्रम र पाठ्यवस्तुसम्बन्धी खोज गर्नु/गराउनु,

छ) विभिन्न विषयगत कार्यविधि, निर्देशिका, स्रोत र बजारसम्बन्धी विषयहरुमा अध्ययन अनुसन्धान गर्नु/गराउनु,

ज) संस्थागत अनुसन्धान (जुन क्षेत्रीय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय विषयसँग सम्बन्धित अनुसन्धान) गर्नु/गराउनु,

झ) विभिन्न अनुसन्धान केन्द्रसँग सम्बन्ध र सम्पर्क स्थापना गर्नु

ञ) ती संस्थाहरुमा हुने अनुसन्धानमूलक तालिम गोष्ठी र अन्तर्क्रियाहरुमा यस क्याम्पसमा कार्यरत प्राध्यापक कर्मचारीहरुलाई सहभागी गराउनु,

ट) दक्ष अनुसन्धान प्रशिक्षक तयार पार्नु

ड) यस सेवा क्षेत्रभित्रका र अन्य क्षेत्रका क्याम्पसहरूलाई अनुसन्धानसम्बन्धी सेवा प्रदान गर्नु ।

**१.४ अनुसन्धान रणनीति**

उक्त उद्देश्य परिपूर्ति गर्न देहायअनुसारको रणनीति अवलम्बन गरिनेछ :

क) एम.फिल (दर्शनाचार्य) तथा पीएच. डी (विद्यावारिधि) उपाधि हाँसिल गर्न क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीलाई क्याम्पसको नियमावली तथा क्याम्पस सञ्चालक समितिको निर्णयअनुसार आवश्यकता हेरी आर्थिक तथा प्रशासनिक सुविधा उपलब्ध गराउने,

ख) अनुसन्धानमा आधारित विभिन्न तालिम तथा गोष्ठी आयोजना गर्ने,

ग) पर्याप्त ज्ञानसहितको विश्वव्यापी शैक्षिक व्यक्तित्व विकास गर्ने,

घ) उच्चस्तरीय अनुसन्धान गर्ने गराउने,

ङ ) स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत छात्रछात्राहरूलाई अनुसन्धान कार्यमा क्रियाशील तुल्याउने,

च) अनुसन्धानका लागि तालिम दिनसक्ने जनशक्ति उत्पादन गर्ने,

छ) राष्ट्रिय तथा अन्तराष्ट्रिय अनुसन्धानका विधिहरूलाई अवलम्बन गर्ने

# परिच्छेद दुई

## २.१. विद्वत्वृत्ति सम्बन्धी व्यवस्था

क) क्याम्पसमा प्राध्यापनरत प्राध्यापकहरुमध्ये क्याम्पसको विषयगत आवश्यकतालाई दृष्टिगत गरी पूर्णकालिन भइ भई ३ वर्षसम्म निरन्तर सेवा गरिरहेका प्राध्यापकलाई एम. फिल. अध्ययन विदा दिन सिफारिस गर्न सकिनेछ।

ख) क्याम्पसमा प्राध्यापनरत स्थायी प्राध्यापकहरुमध्ये क्याम्पसको आवश्यकतालाई दृष्टिगत गरी पूर्णकालिन भई कम्तीमा ५ वर्षसम्म निरन्तर सेवा गरिरहेका प्राध्यापकलाई पिएच. डी. अध्ययन विदा दिन सिफारिस गर्न सकिनेछ।

ग) एम. फिल.का निम्ति निजले खाइपाई आएको तलब सेवा सुविधा नघट्ने गरी बढीमा एकवर्षसम्मको सुविधा उपलब्ध गराउन सिफारिस गरिनेछ।

घ) विद्यावारिधिका निम्ति निजले खाइपाई आएको तलब सेवा सुविधा नघट्ने गरी बढीमा दुईवर्षसम्मको सुविधा उपलब्ध गराउन सिफारिस गरिनेछ।

ङ) उक्त अध्ययन सुविधा दिइएका प्राध्यापक तथा कर्मचारीहरुले एम. फिल., र विद्यावारिधिका हकमा कम्तिमा पनि सम्बन्धित विश्वविद्यालयले तोकेको नियमित साधारण अवधिभित्र प्रमाणपत्रसहित एकप्रति शोध प्रतिवेदन अनुसन्धान विभागसमक्ष उपलब्ध गराउनुपर्नेछ। सो अवधिभित्र अध्ययनअनुसन्धानको प्रमाणपत्र तथा अनुसन्धान प्रतिवेदन विभागसमक्ष उपलब्ध गराउन नसकेको अवस्थामा निज प्राध्यापक तथा कर्मचारीले अध्ययन विदामा पाएको उक्त सेवा सुविधा संस्थालाई एकमुष्ठ फिर्ता गर्नुपर्नेछ।

च) क्याम्पसबाट सेवा सुविधा प्राप्त गरी अनुसन्धान सम्पन्न गरेका प्राध्यापक तथा कर्मचारीले एम. फिलको हकमा ३ वर्ष र विद्यावारिधिका हकमा ५ वर्ष क्याम्पसमा कार्यरत रहनुपर्नेछ।

छ) क्याम्पसको अटुट सेवामा रही खुला विश्वविद्यालय वा आफ्नै निजी पहलमा स्वदेशी वा विदेशी विश्वविद्यालयहरुबाट अध्ययन अनुसन्धानका निम्ति नामाङ्कन गर्नुहुने प्राध्यापकहरुलाई एम. फिलको हकमा ३० दिनको र पिएच. डी.को हकमा ६० दिनको हाजिरी काज उपलब्ध गराइनेछ।

ज) यसरी हाजिरी काज सुविधा प्राप्त गर्ने प्राध्यापकले गोष्ठी सेमिनारमा सहभागी भएको प्रमाण उपलब्ध गराउनुपर्नेछ ।

**२.२ वृत्तिविकास सम्बन्धी व्यवस्था**

देहाय बमोजिम रकम उपलब्ध गराई रिसर्च गर्ने/गराइनेछ :

क) लघु (मिनि रिसर्च)अनुसन्धान प्रदान गर्नका निम्ति रु. ३०,०००। (तीस हजारमात्र) रकम उपलब्ध गराउन सिफारिस गरिनेछ । साथै अनुसन्धाताले यो अनुसन्धान बढीमा ६ महिनाभित्र पूरा गर्नुपर्नेछ ।

ख) सङ्काय अनुसन्धान प्रदान गर्नका निम्ति (फ्याकल्टी रिसर्च) ४०,०००। (चालिस हजारमात्र) रकम उपलब्ध गराउन सिफारिस गर्ने, साथै अनुसन्धाताले यो अनुसन्धान बढीमा ९ महिनाभित्र पूरा गर्नुपर्नेछ ।

ग) विधागत अनुसन्धान प्रदान गर्नका निम्ति ५०,०००। (पचास हजारमात्र) रकम उपलब्ध गराउन सिफारिस गरिनेछ । साथै अनुसन्धाताले यो अनुसन्धान बढीमा १२ महिनाभित्र पूरा गर्नुपर्नेछ ।

घ) विद्यार्थीलाई अनुसन्धान कार्यमा आकर्षित गर्न शोध प्रस्तावनाका लागि अनुसन्धानकर्तालाई सहयोग स्वरूप रु.५०००। (पाँच हजारमात्र) सहयोग रकम उपलब्ध गराउन सकिनेछ ।

ङ) Peer Review भई सो लेख मर्स्याङदी जर्नलमा प्रकाशन भएपश्चात् लेख स्वरुप लेखकलाई रु. ५०००। एकमुष्ठ रकम उपलब्ध गराउन प्रशासन समक्ष सिफारिस गरिनेछ ।

च) लघु अनुसन्धान, संकाय अनुसन्धान तथा विधागत अनुसन्धानको प्रस्तावना पारित भएपश्चात् अध्येतालाई सो अनुसन्धान कार्य सम्पन्न गरेवापत पाउने रकमको २० प्रतिशत रकम पेश्की स्वरुप उपलब्ध गराउन सिफारिस गर्ने र अन्य रकम शोध प्रतिवेदन स्वीकृत भएपश्चात्मात्र प्रदान गर्न सम्बन्धित निकायसमक्ष सिफारिस गरिनेछ ।

छ) उक्त अध्येताले अनुसन्धान पूरा नगरी बीचैमा छाडेमा वा निजले तोकिएको समयभित्र अध्ययन पूरा गर्न नसकेमा उक्त रकम संस्थालाई नै फिर्ता गर्नुपर्नेछ ।

ज) क्याम्पसको सेवालाई निरन्तरता दिई खुला विश्वविद्यालय वा अन्य कुनै स्वदेशी वा विदेशी विश्वविद्यालयबाट एम.फिल, विद्यावारिधि तथा महाविद्यावारिधि उपाधि हासिल गरी प्रमाणपत्र पेश गरेका प्राध्यापक तथा कर्मचारीलाई प्रोत्साहन स्वरुप एकमुष्ठ रकम उपलब्ध गराउन प्रशासन तथा क्याम्पस सञ्चालक समितिसमक्ष सिफारिस गरिनेछ ।

**२.३ अनुसन्धान सम्बन्धी बजेटको व्यवस्थापन**

क्याम्पसमा गरिने नियमित अनुसन्धनात्मक कार्यको लागि क्याम्पसको वार्षिक बजेटको ५ प्रतिसत रकम नघटाइ विनियोजन गर्नुपर्नेछ ।

# परिच्छेद तीन

## अनुसन्धान व्यवस्थापन एकाइको ढाँचा तथा काम, कर्तव्य र अधिकार

**३.१ अनुसन्धान व्यवस्थापन एकाइ र यसको ढाँचा**

क) यस एकाइमा मर्स्याङ्दी बहुमुखी क्याम्पसमा अनुसन्धान कार्यमा संलग्न तथा अनुसन्धान कार्यप्रति क्रियाशील प्राध्यापकहरुमध्येबाट जम्मा ५ जनासम्मको एउटा कार्यसमिति निर्माण गरिनेछ ।

ख) यसको ढाँचा १ संयोजक, १ सचिव र ३ सदस्य रहेको हुनेछ ।

**३.२ अनुसन्धान व्यवस्थापन एकाइको का काम, कर्तव्य र अधिकार**

क) क्याम्पस प्रशासनको मातहतमा रही क्याम्पसको शैक्षणिक तथा प्राज्ञिक क्षमता वृद्धिका निम्ति कार्य गर्ने,

ख) अनुसन्धान प्रस्तावना पारितका लागि समीक्षा गरी आवश्यक सुझाव (रिपोर्ट, थेसिस आदि) दिने,

ग) अन्तिम अनुसन्धान प्रस्तुतिको समीक्षा तथा मूल्याङ्कन गर्ने,

घ) अनुसन्धानका निम्ति आवश्यक योजना तर्जुमा गरी क्याम्पस प्रशासन समक्ष प्रस्तुत गर्ने,

ङ) प्राध्यापक तथा कर्मचारीलाई एम. फिल, पि.एच. डी. गर्नका निम्ति प्रशासन समक्ष सिफारिस गर्ने,

च) विद्यार्थी, कर्मचारी तथा प्राध्यापकहरूलाई अनुसन्धानका लागि जागरुक बनाउने,

छ) अनुसन्धानात्मक तालिम गोष्ठीहरु सञ्चालन गर्ने,

ज) अनुसन्धानमूलक लेखहरु Peer Review गराई प्रकाशन गर्ने ।

झ) RMC ले सम्पूर्ण किसिमका अनुसन्धानका लागि अनुसन्धान प्रस्तावना माग गर्नेछ ।

**३.२ संयोजकको काम कर्तव्य र अधिकार**

क) अनुसन्धान एकाइको नेतृत्व गर्ने,

ख) ३.२ दफामा उल्लिखित कार्यहरु गर्ने,

ग) कम्तीमा दुई महिनामा एकाइको बैठक राख्न सचिवलाई निर्देशन दिने,

घ) क्याम्पस प्रशासन समक्ष समन्वय गरी तालिम र गोष्ठीहरु राख्ने ।

**३.३ सचिवको काम कर्तव्य र अधिकार**

क) संयोजकले दिएको निर्देशन अनुसार बैठक आह्वान गर्ने,

ख) ३.२ दफामा उल्लिखित कार्यहरु गर्ने,

ग) एकाइको बैठक तथा तालिम गोष्ठीहरु सञ्चालन गर्ने तथा Minute लिपिबद्ध गर्ने,

**३.४ सदस्यको काम कर्तव्य र अधिकार**

क) ३.२ दफामा उल्लिखित कार्यहरु गर्ने,

ख) बैठकमा समुपस्थित भई राय विचार दिने,

ग) बैठकका निर्णयहरु कार्यान्वयन गर्ने ।

# परिच्छेद चार

## विविध

**४.१ अनुसन्धान समिति गठनसम्बन्धी व्यवस्था**

क)RMC ले विभिन्न अनुसन्धान क्षेत्रमा लागेका विशिष्ट प्राध्यापकहरूको प्रत्यक्ष सहभागितामा एउटा मूल्याङ्कन समिति बनाउन सक्नेछ ।

ख) यसले क्याम्पसका विद्यार्थी, कर्मचारी तथा प्राध्यापकहरुद्वारा तयार पारिएका अनुसन्धानात्मक लेख, लघु अनुसन्धान, सङ्काय अनुसन्धान, विषयगत अनुसन्धानको मूल्याङकन गर्न सक्नेछ ।

ग) अनुसन्धान समितिमा अनुसन्धान विज्ञसहित ५ सदस्यीय समिति विभिन्न विभागबाट पर्ने गरी बनाउन सक्नेछ।

घ) उपलब्ध ५ सदस्यीय समितिबाट कम्तीमा ३ जनाको बहुमत आएमा अनुसन्धान कार्य वैध मानिनेछ ।

**४.२ अनुसन्धानात्मक लेखको प्रमाणीकरणसम्बन्धी व्यवस्था**

क) अनुसन्धानात्मक लेखहरुको प्रमाणीकरणका लागि हरेक विषयगत कम्तीमा दुई जना विषयविज्ञ (प्रा.डा.) लाई पठाइनेछ ।

ख) विषयविज्ञबाट प्राप्त सुझावलाई समावेश गरेपछि मात्र लेख प्रकाशन गर्न योग्य मानिनेछ ।

ग) विषय विज्ञहरुलाई चलन चल्तीअनुसारको पारिश्रमिक उपलब्ध गराइनेछ ।

**४.३ लघु अनुसन्धानसम्बन्धी व्यवस्था**

क) लघु अनुसन्धान व्यक्तिगत वा समूहगत रुपमा पनि गर्न सकिने,

ख) पाठ्यक्रम र पाठ्यवस्तुसँग सम्बन्धित विषयको हुनुपर्ने,

ग) शोध सामग्रीका रुपमा प्राथमिक तथा द्वितीयक सामग्री उपयोग गर्न सकिने,

घ) क्याम्पसमा अध्ययनरत विद्यार्थी, कार्यरत कर्मचारी तथा प्राध्यापकहरुले यो अनुसन्धान गर्न सक्ने,

ङ) अनुसन्धान समितिबाट शोध प्रस्ताव पारित भएपछिमात्र पेश्की रकम उपलब्ध गराउन प्रशासनसमक्ष सिफारिस गर्ने ।

च) बाँकी रकम अनुसन्धान प्रतिवेदन स्वीकृत भएपछि मात्र उपलब्ध गराउने ।

**४.३ सङ्काय अनुसन्धानसम्बन्धी व्यवस्था**

क) सङ्काय अनुसन्धान व्यक्तिगत वा समूहगत रुपमा पनि गर्न सकिने,

ख) यो अनुसन्धान सङ्कायको समग्र उपलब्धि मूल्याङ्कनसँग सम्बन्धित हुनुपर्ने,

ग) शोध सामग्रीका रुपमा प्राथमिक तथा द्वितीयक सामग्री उपयोग गर्न सकिने,

घ) यो अनुसन्धान क्याम्पसमा कार्यरत कर्मचारी तथा प्राध्यापकहरुले गर्न सक्ने,

ङ) अनुसन्धान समितिबाट शोध प्रस्ताव पारित भएपछिमात्र पेश्की रकम उपलब्ध गराउन प्रशासनसमक्ष सिफारिस गर्ने ।

च) बाँकी रकम अनुसन्धान प्रतिवेदन स्वीकृत भएपछि मात्र उपलब्ध गराइने छ ।

**४.५ विधागत अनुसन्धानसम्बन्धी व्यवस्था**

क) लघु अनुसन्धान व्यक्तिगत वा समूहगत रुपमा पनि गर्न सकिने,

ख) समग्र पाठ्यक्रम र पाठ्यवस्तुसँग सम्बन्धित विषयको हुनुपर्ने,

ग) शोध सामग्रीका रुपमा प्राथमिक तथा द्वितीयक सामग्री उपयोग गर्न सकिने,

घ) क्याम्पसमा अध्ययनरत विद्यार्थी, कार्यरत कर्मचारी तथा प्राध्यापकहरुले यो अनुसन्धान गर्न सक्ने,

ङ) अनुसन्धान समितिबाट शोध प्रस्ताव पारित भएपछिमात्र पेश्की रकम उपलब्ध गराउन प्रशासनसमक्ष सिफारिस गर्ने ।

च) बाँकी रकम अनुसन्धान प्रतिवेदन स्वीकृत भएपछि मात्र उपलब्ध गराउने ।

छ) विधागत अनुसन्धानले क्याम्पस सञ्चालक समिति र यसका सदस्य, प्राध्यापकहरू, कर्मचारी र विद्यार्थीहरूद्वारा लगातार गरिने समूह अथवा टिम अनुसन्धानलाई बुझाउने,

ज) यो अनुसन्धान समूहमा कुनै सङ्कायका प्राध्यापकको प्रतिनिधित्वमा कम्तीमा एकजना कर्मचारी, कम्तीमा २ जना प्राध्यापक र एकजना सञ्चालक समितिका सदस्यको रहेको हुनुपर्ने,

झ) यसको उद्देश्य प्रभावकारी उत्पादनमुखी समालोचनात्मक तथा विश्लेषणात्मक सम्भावनाको खोजीमा केन्द्रित हुने,

ञ) यसमा सबै अनुसन्धाताले अनुसन्धानकार्यमा सामूहिक उत्तरदायित्व वहन गर्नुपर्ने ।

**४.६. अनुसन्धान कार्यसम्बन्धी व्यवस्था**

क) सबै अनुसन्धानात्मक लेख, लघु अनुसन्धान प्रतिवेदन, संकाय अनुसन्धान प्रतिवेदन तथा विषयगत अनुसन्धान प्रतिवेदनहरू मर्स्याङ्दी बहुमुखी क्याम्पसको सम्पत्ति मानिनेछ ।

**४.७ अनुसन्धानात्मक कार्यको प्रकाशन सम्बन्धी व्यवस्था**

क) अनुसन्धान व्यवस्थापन एकाइबाट प्राप्त लेख, प्रतिवेदनहरुलाई प्रकाशनार्थ क्याम्पस प्रशासनलाई उपलब्ध गराइनेछ ।

क) लघु आयामका लेखहरू मर्स्याङदी जर्नलमा प्रकाशित गरिनेछ ।

ख) लेखसम्बन्धी छोटो जानकारी मर्स्याङ्दी बहुमुखी क्याम्पसको वेभसाइटमा राखिनेछ ।

**४.८ अनुसन्धान आह्वान गर्ने सम्बन्धी व्यवस्था**

क) कुनै पनि संघ संस्था फर्म तथा कम्पनीहरूको विशेष आग्रहमा क्याम्पसमा कार्यरत कुनै पनि प्राध्यापकहरूले अनुसन्धान गर्न सक्ने,

ख) लघु अनुसन्धान, सकार्यका लागि शोध प्रस्तावना तयार पारी यसका लागि अनुमति पत्रको प्रतिलिपिसहित RMC मा अन्तिम स्वीकार्य रिपोर्ट पदोन्नतिका लागि पेश गर्नुपर्ने,

ग) RMC ले वर्षमा एकपटक मात्र अनुसन्धान प्रस्तावना माग्ने,

घ) थेसिस प्रस्तावना आह्वान रकम माग त्रि.वि. तालिकाअनुसार व्यवस्थापन गरिने,

ङ) विधागत अनुसन्धान प्रस्तावना पनि वर्षको एकपटक आह्वान गरिने ।

**४.९ बजेट (रकम बाँडफाँड) तथा उत्तरदायित्व**

क) अनुसन्धान बजेट क्याम्पसमा सञ्चालित अनुसन्धान कार्यक्रमहरूको व्यवस्थापन तथा समृद्धिका लागि गरिनेछ।

ख) क्याम्पस सञ्चालक समितिले अनुसन्धानका निम्ति आवश्यक पर्ने बजेटको व्यवस्थापन गरिदिनुपर्नेछ ।

ग) उक्त बजेट व्यवस्थापनका लागि Research Fund सञ्चाालन गरिनेछ ।

घ) RMC ले अनुसन्धान कार्यहरू उक्त बजेटको आधारमा तय गर्नेछ ।

**APPENDIX: A**

**GUIDELINES FOR THE RESEARCH PROPOSAL**

**Marsyangdi Multiple Campus**

**Besishahar, Lamjung**

# Research Management Cell

**Content of the research Proposal**

The Research Proposal should contain the first three chapters of the research report as below.

**CHAPTER I**

**INTRODUCTION**

**Background of the Study**

- This introduction portion describes the problem situation that shapes the justification of the study. It should clearly identify and define the problem that the study is attempting to address.
- Show the problem in terms of global, national, regional, or local events or situations that indicate that indeed a problem does exist that requires critical investigation.
- Clinch this portion by justifying the need for research to address the problem.

**Theoretical Framework**

- This portion of the Introduction provides the theoretical foundation for the study. Identify and describe the theories that account for the problem under investigation.
- From these, identify and describe the variables in the study and show how these variables will be used or interrelate in the form of a typical example.

**Assumptions**

- State the assumptions that serve as the basis for critical investigation.

**The Problem**

- State the general problem of the study in one paragraph.

**Statement of the Problem**

- State the specific problems that would be investigated.

**Hypothesis**

- State the research hypothesis for each problem.

**Scope and Limitation of the Study**

- For the scope, identify the coverage of the study in terms of 'what', 'where', 'when', 'who', and 'how'.

- For limitations, identify the constraints that limited the coverage of the study to what it is. The constraints may come in the form of time, resources, materials, equipments, references, manpower, finances, expertise, etc.

**Significance of the Study**

- This portion identifies the beneficiaries or stakeholders who will be benefited by the findings of the study and a description of the corresponding that each of the beneficiaries or stakeholders would derive from the study.

**Definition of Terms**

- This presents a glossary of terms that must be understood by the reader. Only key terms would-be defined.
- The terms are to be defined operationally. This means that the terms would be defined in terms of how these are used in the study.

**CHAPTER II**

**Review of Related Literature**

- This portion of the study addresses each problem using the "library research approach." As such, it is thematically organized according to the logical construction of the problem.
- Use main headings and subheadings corresponding to each specific problem.
- Describe each portion by showing how your literary citations are related to the problem being investigated.
- Review the slides of our past lesson on the review of related literature.

**CHAPTER III**

**DESIGN AND METHODOLOGY**

**Research Design**

Identify the design of the study and the method used and justify why this is the most appropriatemethod for the investigation.

**Population of the Study**

- Identify the respondents of the study and their number.
- Identify the sampling tool used.
- Describe the sampling procedure used.

**Data Gathering Tool**

- Identify the instrument used for data gathering.

- Describe the parts of the instruments and the legends used (if any).
- Describe how the instrument was constructed.
- Describe how the instrument was validated and tested for reliability (optional).

**Data Gathering Procedures**

- Describe the process of how the instrument was used to gather the data needed for the study.
- Describe the data management procedures employed.

**Data Analysis**

- Identify the appropriate method of quantification and measurement relative to each problem.
- Describe how the quantified data would be statistically treated relative to each problem.

**Data Presentation**

**BIBLIOGRAPHY**

- Prepare a list of books, journals, and other literary references in APA style.

**APPENDIX**

- Append your questionnaire or research instruments.

**APPENDIX: B**

**GUIDELINES FOR THE EVALUATION OF RESEARCH PROPOSAL**

**Marsyangdi Multiple Campus**

Besishahar, Lamjung

## Research Management Cell

### General Guidelines for Evaluation of Research Proposal/Report

The research proposal is evaluated qualitatively by the Research Committee on the merits of the following criteria:

a. The situation analysis should explain the problem in the global, national, regional and local context.
b. There should be justification of what generated interest & motivation to the researcher to focus his/her study on that particular problem situation.
c. There should be discussion on how the theories explain, support and validate the problem and how the theories provide a guide to the intended methodology.
d. Variables used in the study and method of establishing their relations should be identified and discussed.
e. A scheme of representation of the interrelationship of variables should be presented in a model.
f. A set of assumptions serving as the basis for asking specific questions on the problem should be stated.
g. The general problem should be stated.
h. Specific problems should be stated and are logical to the general problem.
i. The research hypotheses should be consistent with specific problems.
j. The significance of the study in terms of what it intends to contribute, what benefits would be derived and who are to be benefited by the study should be presented in narrative form.

k. The description of parameters, coverage, limitations and constraints of the study should be identified.
l. The terms should be defined operationally (definition of terms).
m. The literature review should a thematic presentation in the form of a documented extended essay consistent with the stated research problem.
n. The research design should be presented in concise form.
o. The description of sample, the sampling process, tabulation of data and attributes of the universe or sample population should be presented in narrative form.
p. Data gathering tools should be identified and described.
q. The data gathering procedures used in the study should be described in detail.
r. The statistical treatment of data should be described together with the identification of statistical tools.

**APPENDIX: C**

**GUIDELINES FOR THE EVALUATION OF RESEARCH PROPOSAL**

**Marsyangdi Multiple Campus**
Besishahar, Lamjung

**Research Management Cell**

**EVALUATION FORM**

Date:

Name of Principal Investigator:........................................................................................
Research Topic: ..............................................................................................................
Department:........................................
Type of Research: a. Faculty Research b. Student Research c. Discipleship Research.

***Please check, whether these information are found in proposal/report during defense.***

a. Does the situation analysis clearly explain the problem?
b. Is there suitable justification of the problem?
c. Is there evidence that the theory can explain, support and validate the problem?
d. Is there evidence that the theory provides guidelines to formulate methodology?
e. Is methodology formulated clearly and distinctly?
f. Is there any scheme of identifying variables and their inter-relationship?
g. Is the problem stated distinctly?
h. Are some specific problems mentioned in the proposal?
i. Are the research hypotheses formulated?
j. Are the research hypotheses consistent with the research problem?
k. Is the research design presented?
l. Is the methodology mentioned in the proposal?
m. Is the proposal formulated in the format RMC has proposed?
n. Any lacking in the proposal?

*Please, answer these questions.*

Q. Do you approve the research proposal?
....................................................................................................................................
....................................................................................................................................
.....................................................................................................................

Q. What additional requirements are needed for the approval of the researchproposal?
....................................................................................................................................
....................................................................................................................................
.....................................................................................................................

Q. What is the final remark about this proposal?

a. Accepted ☐ b. Rejected ☐

Evaluation by
...................................
(Name)
(Designation)

**APPENDIX: D**

**GENERAL GUIDELINES TO THE RESEARCH REPORT**

**Marsyangdi Multiple Campus**

Besishahar, Lamjung

# Research Management Cell

| PARTS OF THE RESEARCH PAPER | WHAT TO DO | OUTPUT |
|---|---|---|
| **CHAPTER 1 INTRODUCTION** | | |
| **1. Background of the Study** | Identify the problem situation and describe its pervasiveness in terms of the global, national, regional, and local situation. | -Situation analysis that explains the problem in the global, national, regional and local context.<br>-Justification of what generated interest & motivation of the researcher to focus his study on the problem situation. |
| **2. Theoretical Framework** | Cite and discuss the theories that:<br>**a**. account for the problem under study,<br>**b**. support the major assertions of the study, and<br>**c**. support the methodology of the study.<br><br>From the above, synthesize a theory which becomes the basis for the study or which the study intends to pursue or prove. Identify the variables involved and operationalize measures. Present the above concept in the form of a paradigm or model which becomes the road map in navigating through the different aspects of the research process. From the above, draw out assumptions that would become the basis for critical investigation. | -A discussion of the merits of the theories that explain, support and validate the problem and that provide a guide to the intended methodology.<br>-Identification and discussion of the variables used in the study and their relations.<br>- A scheme for the representation of inter-relationship of variables (paradigm).<br>-A set of assumptions that serving as the basis for asking specific questions on the problem. |

| | | |
|---|---|---|
| **3. The Problem** | State in general what the study intends to describe, find out, discover, explain or evaluate. | General statement of the problem. |
| **4. Statement of the Problem** | State the specific logical components of the general problem. | Statement of specific problems. |
| **5. Hypotheses** | Formulate a tentative answer to each specific problem to serve as your research hypothesis. | Stated research hypotheses. |
| **6. Significance of the Study** | Identify the possible contributions of the findings of the study to the existing pool of knowledge Identify the benefits that the findings would generate and identify the corresponding beneficiaries of the study. | A narrative of the significance of the study in terms of what it intends to contribute, what benefits would be derived, and who are to be benefited by the study. |
| **7. Scope and Limitation** | Identify the parameters of the study in terms of respondents, location, place, time, themes, and subject matter. Identify the constraints and limitations in conducting this kind of study. | A narrative description of parameters, coverage, limitations, and constraints in the conduct of the study. |
| **8. Definition of Terms** | Identify key terms used in the study and define these operationally i.e., the meaning of the terms as used in the study. | Operational definition of terms. |
| **CHAPTER 2<br>LITERATURE REVIEW** | | |
| **Review of related literature** | Review all possible literature written about the topic, (apriority approach). Review all possible literature on the problem or related to the problem (a posterior approach). Arrange the major points and findings into themes corresponding to the main themes of the specific problems. | Thematic narrative in the form of a documented extended essay on the research problem. |
| **CHAPTER 3<br>METHODOLOGY** | | |
| **1. Research Design** | Describe the design used in the study. Justify why this design is most appropriate for the study. | Narrative description of the research design. |
| **2. Population of the Study** | Describe the universe or sample population and the sampling design used. Come up with a profile of respondents according to the | Narrative description of the sample and the sampling process and a tabular and narrative presentation of the attributes of the universe or sample population. |

| | | |
|---|---|---|
| | attributes relevant to the study. | |
| **3. Data Gathering Tools** | Identify and describe the instrument used to gather data in terms of its origin, how it was generated, and how itwasvalidated. | Identification and description of data gathering tools. |
| **4. Data Gathering Procedures** | Describe the step-by-step actions done in gathering the data. | Narrative description of the data gathering procedures used in the study. |
| **5. Treatment of Data** | Describe the data processing protocols employed. Identify and describe the statistical tools used in the study. | Narrative description of the statistical treatment of data. |
| **CHAPTER 4<br>PRESENTATION, ANALYSIS AND INTERPRETATION** | | |
| **1. Presentation** | Data processing and management: collation, tabulation, computation, and organization. Summarize results and describe in narrative, tabular or graphical form. | Tabular, graphical, narrative presentation of summarized data. |
| **2. Analysis** | Summarize trends and patterns observed in the study. Compute indexes used in determining relationships among variables used in the study. | Tabular, graphical, narrative description of analyzed data. |
| **3. Interpretation** | Draw out inferences, meanings, and implications from analyzed data. Corroborate analysis through internal and external cross-referencing. | Documented narrative of the interpretation of the study. |
| **CHAPTER V<br>SUMMARY, CONCLUSIONS AND RECOMMENDATIONS** | | |
| **1. Summary, Conclusions, Recommendations** | Summarize the whole study, Generalize from results, recommend action steps. | Summary of findings, conclusions derived from findings and recommendations derived from conclusions. |

**APPENDIX: E**

## GUIDE LINES FOR THE EVALUATION OF RESEARCH REPORT

**Marsyangdi Multiple Campus**

Besishahar, Lamjung

## Research Management Cell

### General Guidelines for Evaluation of Research Report

The research proposal is evaluated qualitatively by the Research Committee on the merits of the following criteria:

a. The situation analysis should explain the problem in the global, national, regional and local context.
b. There should be justification of what generated interest & motivation to the researcher to focus his/her study on that particular problem situation.
c. There should be discussion on how the theories explain, support and validate the problem and how the theories provide a guide to the intended methodology.
d. Variables used in the study and their relations should be established and discussed.
e. The inter-relationship between the variables should be presented.
f. The general problem (objectives) should be stated.
g. Specific problems (specific objectives) should be stated and that are logical to the general problem.
h. The research hypotheses should be consistent with specific problems.
i. The significance of the study in terms of what it intends to contribute, what benefits would be derived and who are to be benefited by the study should be presented in narrative form.
j. The description of parameters, coverage, limitations and constraints of the study should be identified.
k. The terms should be defined operationally (definition of terms).
l. The literature review should be a thematic presentation in the form of a documented extended essay consistent with the stated research problem.
m. The research design should be presented in concise form.
n. The description of sample, the sampling process, scheme of data tabulation and attributes of the universe or sample population should be presented in narrative form.
o. Data gathering tools used in the study (i.e. schedule, questionnaire etc.) should be presented.
p. The tabulation of data obtained from the study should be presented in detail.
q. The statistical treatment used in data analysis should be displayed together with the result.
r. The table, graph, chart etc. should be presentation of the analyzed data.
s. Present the trends and patterns observed in the study.
t. Compute indexes used in determining relationships among variables used in the study.
u. Draw out inferences, meanings, and implications from analyzed data. Corroborate analysis through internal and external cross referencing.
v. Present the summary of findings, conclusions derived from findings, and recommendations derived from conclusions.

**APPENDIX: F**

**GUIDELINES TO SUBMIT ARTICLES FOR JOURNAL**

**Marsyangdi Multiple Campus**

Besishahar, Lamjung

# Research Management Cell

## Guidelines for Submission of Articles in Marsyangdi Journal

Marsyangdi Journal, an annual academic journal published by Research Management Cell (RMC) of Marsyangdi Multiple Campus, welcomes research articles from multidisciplinary areas including language teaching, education, social science, natural science, and management. Articles for the journal must be standard, research-based and within the scope of the journal. Authors submitting articles must follow the guidelines below:

- The articles must be within the limitation of 4000-7000 words including references, illustrations, graphs and charts. The manuscript must be prepared in Microsoft Word (preferably MS Word 10) using Times New Roman 12 point font size in English and Preeti 14 point font size in Devnagarik script.
- Articles must be original and not previously published in any other journal either in printed or in electronic form. It also must not be in the process of being reviewed for publication in any journal.
- Current A. P. A. Citation (7th Ed.) must be followed along with its in-text citation and referencing.
- The submitted articles will undergo through a blind submission policy and will be anonymously reviewed by two reviewers to determine if the articles meets the standard of the peer-review journal.
- The article must have its cover page including the author's name and affiliation. The author's name must not appear in any other parts of the text.
- The article once published in this journal, must not be reused/ republished without taking written permission of the copyright holder. The copyright authority will be with RMC, Marsyangdi Multiple Campus, Lamjung.
- The article should be submitted to RMC, Marsyangdi Multiple Campus at mmcampus2020@gmail.com, which has the authority of making the final decision on its publication.

### Required Components for Research Articles

**Title:** (Times New Roman, 12 pt, in Bold, maximum 12 words in English, and Preeti, 14 pt. in Bold in Devnagarik script)
**Abstract**: (approximately 150- 250 words, justified, Times New Roman, 12 pt., single line spacing)
**Keywords:** (not more than 7 words)
**Introduction:** (should justify title, context, purpose and the rationale of the study)
**Review of Literature:** (may include theoretical, empirical and policy review)
**Methodology:** (include research design, tools, participants and procedures precisely)
**Results and Discussion:** (corroboration of the findings vis-à-vis theory developed/tested)
**Conclusion and Implications:**
**Acknowledgement/s** (if any)
**References**
**Appendices** (if necessary)

**APPENDIX: D**

**ARTICLE PEER REVIEW REPORT FORM**

**Marsyangdi Multiple Campus**

Besishahar, Lamjung

## Research Management Cell

Dear Peer Reviewer,

Marsyangdi Multiple Campus (MMC) is going to publish its journal “Marsyangdi Journal" Second volume. Respecting your expertise in the field, we would like to request you to be a reviewer for the manuscript mentioned below. Please complete the **Peer Review Report Form** along with **track changes comments** on the manuscript and send it back to the editorial board via. E-mail at nbinod2017@gmail.com by the deadline, July 30, 2021. Your comments regarding a manuscript will strongly be considered when the editorial board makes the final decision. Your feedback will highly be valued and appreciated.

You are also requested to strictly follow the policies and guidelines of the editorial board while working on this peer review report form.

- Please check the manuscript being based on APA style 2020.
- The manuscript under review must be confidential.
- The manuscript should have: title, abstract, key words, introduction, literature review, methodology, results and discussion, conclusion &implications and references.
- If you suspect that the manuscript is plagiarized or fraud, or has been a violation of the accepted norms, please let the editorial board know, providing evidence in writing.

**Editorial Board**
**Marsyangdi Journal**

**Referee's Code No.**:

**Author(s)/Corresponding Author's Code No.**:

**Title of the Article**:

**Comments on the Article:**

(Please rate this article based on the following areas, mark in the appropriate box with 1-5)

| **Areas of the Article** | **Excellent (5)** | **Good (4)** | **Acceptable (3)** | **Fair (2)** | **Very Poor (1)** |
|---|---|---|---|---|---|
| Technical Correctness | | | | | |
| Novelty/Originality | | | | | |
| Literature Review | | | | | |
| Organization and Clarity | | | | | |
| İmportance to the Field | | | | | |

**Comments on the Manuscript:**

| **Areas of comment** | **Referee's comments and suggestion (write it here)** |
|---|---|
| Overall | |
| Title | |
| Abstract | |
| Keywords | |
| Introduction | |
| Literature review and theoretical perspectives | |
| Methodology | |
| Results and Discussion | |
| Conclusion and Implications | |
| References | |
| Any other (mention here) …………………………….. | |

**Suggestions for the Editors:**

**Recommendation:**

(Please check mark (√) in the box)

| | |
|---|---|
| Publish the article as it is | |
| Publish the article with major revisions as noted above | |
| Reject the article* | |

* If the manuscript is rejected, please explain the reasons for rejection here:

| |
|---|
| |

**Note:**

1. The referees can use the MS Word version of the submitted manuscript for marginal comments and submit it along with this form to us.
2. Please return this form to the editors as an email attachment at nbiond2017@gmail.com